# सुन्दरहरैंचा राजपत्र

सुन्दरहरैँचा नगरपालिकाद्वारा प्रकाशित

खण्ड-६, भाग-१, सङ्ख्या-६, सुन्दरहरैंचा राजपत्र, मिति : २०७७/०३/१०

प्रमाणीकरण मितिः २०७७/०३/१८

## सुन्दरहरैँचा संघ संस्था दर्ता ऐन, २०७७

**प्रस्तावनाः**

सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकुद, शारीरिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने र कानून बमोजिम दर्ता भएका विभिन्न संघ संस्थाहरुको गतिविधि लगानी भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउदै नगर प्राथमिकताका क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को उप दफा ४ (ठ) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यो ऐनको नाम "सुन्दरहरैँचा संघ संस्था दर्ता ऐन, २०७७" रहेको छ ।

२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ऐनमा-

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

क) “नगरसभा” भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले सुन्दरहरैँचा नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) “प्रमुख” भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

घ) “उप प्रमुख” भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) “स्थानीय अधिकारी” भन्नाले सुन्दरहरैँचा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

च) “संस्था” भन्नाले सामाजिक,धार्मिक,साहित्यिक,साँस्कृतिक,शैक्षिक,बौद्धिक विकास, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास, प्रवर्द्धन एवं विस्तार गर्ने उदेश्यले स्थापना गरिने संघ संस्था, क्लब, टोल विकास संस्था,आमा समुह, अध्ययन केन्द्र, मठ मन्दिर, धर्मशाला जस्ता संस्थाहरुलाई सम्झनु पर्दछ ।

छ) “कार्य समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको तदर्थ समिति वा कार्यसमितिलाई सम्झनु पर्दछ ।

ज) “विधान” भन्नाले संस्थाको विधानलाई सम्झनु पर्दछ ।

झ) “अन्तराष्ट्रिय गैर सरकारी संस्था” भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

ञ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तरगत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

सुन्दरहरैँचा नगरपालिका राजपत्र

## परिच्छेद-२
## संस्था दर्ता, सञ्चालन तथा गठन

**३. दर्ता नगरी संस्था खोल्न नहुने:**

१) यस ऐन बमोजिम सुन्दरहरैँचा नगरपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाउने छैन।

२) प्रचलित नेपालको कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी यस नगरपालिका क्षेत्रभित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउँदा यस नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

३) स्वीकृति नलिइ संस्था स्थापना तथा सञ्चालन गर्ने संस्थाहरुलाई काम गर्न रोक लगाई कानून बमोजिम कारवाही गर्न सकिनेछ।

**४.संस्था दर्ता,सञ्चालन र सूचिकृत सम्वन्धी व्यवस्था:**

१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहने कुनै पच्चिस जना भन्दा बढी व्यक्तिहरुको आम भेलाको निर्णय र सात सदस्य भन्दा बढीको तदर्थ समितिका सदस्यहरुले **अनुसूचि -१** अनुसारको ढाँचामा नियमानुसारको दस्तुर सहित तोकिएको अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

२) उपनियम (१) बमोजिम संस्था दर्ताको लागि निवेदन दिंदा **अनुसूचि-२** अनुसारको ढाँचामा संस्थाको विधानको दुई प्रति निवेदनको साथ संलग्न गर्नुपर्ने छ।

३) उपदफा (१ र २) बमोजिमको निवेदन र संस्थाको विधान प्रप्त भएपछि स्थानीय अधिकारीलें आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न मनासिव देखिएमा **अनुसूचि-३** बमोजिमको ढाँचामा दर्ता किताबमा दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरिसकेपछि **अनुसूचि-४** बमोजिमको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

४) दर्ताको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको निवेदन उपर अध्ययन गर्दा संस्था दर्ता गर्न नमिल्ने उचित कारण देखिएमा दर्ता गर्न निमिल्ने जानकारी वा सूचना निवेदकलाई दिनु पर्नेछ। निवेदकलाई त्यस्तो सूचना प्रति चित्त नबुझेमा जानकारी प्रप्त गरेको मितिले ३५ दिन भित्र निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा उजुरी गर्न सक्नेछ।

**५. संस्था दर्ताको अवधि ,नवीकरण, दस्तुर र सूचिकृतः**

१) अनुसूची-४ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाणपत्रको मान्यता एक आर्थिक वर्ष सम्म रहनेछ ।

२) उपदफा (१) बमोजिम संस्थाको दर्ता मान्यता कायम रहने अवधि समाप्त भएको मितिले तिन महिना भित्र सम्बन्धित संस्था सञ्चालकले तोकिएको नवीकरण दस्तुर बुझाइ प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी समक्ष **अनुसूचि-५** बमोजिमको ढाँचामा निवेदन दिई दर्ताको प्रमाण पत्र नवीकरण गराउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघि नवीकरण हुन नसकेमो मनासिव कारण देखाई दर्ताको प्रमाण पत्र नवीकरणको लागि आवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीबाट नियमानुसार लाग्ने दस्तुर /थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ । यदि पाँच वर्ष सम्म संस्था नवीकरण नभएमा संस्था स्वतः खारेजी भएको मानिनेछ ।

४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक संस्था दर्ताको प्रमाण पत्र नवीकरण गर्न निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति नियमानुसारको दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि दर्ताको प्रमाण पत्र नवीकरण गरिदिन सक्नेछ ।

५) यस नगरक्षेत्रलाई कार्यक्षेत्र बनाई काम गर्ने संघसंस्थाहरु यो ऐन स्वीकृत भएको मितिले ६ महिना भित्र यस नगरकार्यपालिकाको कार्यलयमा सुचिकृत हुनुपर्नेछ । सूचीकृतको निवेदन **अनुसूची ५** र सुचिकृत प्रमाणपत्र **अनुसूची ६** बमोजिम हुनेछ

**६. संस्थाको साझेदारी एवं स्वीकृतिः**

१) यस नगरपालिकाको नीतिले संविधान संशोधन गर्ने प्राथमिकता क्षेत्रमा सहयोग पुग्ने किसिमका क्रियाकलाप सञ्चालन गर्ने सस्थासँग नगरपालिकाले सहकार्य साझेदारीमा कार्य सञ्चालन गर्न सक्नेछ । सहकार्य गर्न चाहने संस्थाहरुले देहायबमोजिमका कारण

जातहरु संलग्न राखी संस्थाको योगदान रहने सुनिश्चितता सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

- संस्था दर्ता नविकरण प्रमाणपत्रको प्रतिलिपि
- प्रबन्ध पत्र वा विधानको प्रतिलिपि
- चुक्ता प्रमाण पत्रको प्रतिलिपि
- मुख्य सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- साझेदारी गर्न चाहेको विषय सम्बन्धी प्रस्तावना
- लेखापरीक्षण प्रतिवेदन प्रतिलिपि
- अन्यत्र संस्था दर्ता भएको भए सो प्रमाणपत्रको प्रतिलिपि र नगरपालिकामा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि

२) अन्य निकायमा प्रचलित कानून बमोजिम दर्ता भई यस नगर क्षेत्रलाई कार्यक्षेत्र बनाई काम गर्ने संघसस्थाहरुले यो ऐन स्वीकृत भएको मितिले ६ महिनाभित्र **अनुसूची ७** बमोजिमको ढाँचामा निवेदन दिई नगरकार्यपालिकाको कार्यालयबाट पूर्व स्वीकृति लिनुपर्नेछ साथै यस कार्यालयबाट **अनुसूची ८** बमोजिमको कार्यक्षेत्र स्वीकृत प्रमाण-पत्र दिनुपर्नेछ।

३)कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले यस नगर क्षेत्रमा कार्यक्षेत्र बनाई काम गर्दा यस नगरपालिकामा **अनुसूची ९** बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ सोअनुसार कार्यालयले तोकिएका कागजातका आधारमा मनासिव देखिएमा **अनुसूचि १०** बमोजिमको कार्यक्षेत्र अनुमति सम्बन्धी प्रमाणपत्र दिन सक्नेछ।

४) उपनियम २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको कार्य प्रकृतिलाई हेरेर मनासिब नदेखिएमा कार्यालयले कार्यक्षेत्र स्वीकृत गर्न नदिन पनि सक्नेछ।

५) नियम ६ (१) (ग) बमोजिम कर चुक्ता भन्नाले यस नगरपालिकालाई चालु आ.ब. मा भुक्तानी गर्नु पर्ने सम्पूर्ण कर शुल्क दस्तुर समेतलाई जनाउनेछ।

**७. स्वीकृति लिएर मात्र संस्था सञ्चालन गर्नुपर्ने:**

सुन्दरहरैँचा नगरपालिकाको संस्था दर्ता ऐन २०७७ अनुसार दर्ता भएका जुनसुकै संस्थाले पनि यस नगरपालिकालाई कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गर्नुपूर्व अनिवार्य रुपमा यसलाई नगरपालिकाको स्वीकृति लिनुपर्नेछ । यो ऐन लागू भएपछि

स्वीकृति नलिई कार्यक्रम सञ्चालन गरेका संस्थालाई नगरक्षेत्रमा कार्यक्रम सञ्चालन गर्न नपाउने सम्मको कारवाही हुन सक्ने छ।

**८. संस्थाको वार्षिक प्रतिबेदन पेश गर्नुपर्ने:**

यो ऐन बमोजिम सञ्चालन भएका र सञ्चालन हुने संस्थाहरुले आफूले वर्षभरिमा गरेको कामको वार्षिक प्रगति प्रतिवेदन र आम्दानी खर्चको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र यस नगरपालिकामा अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । प्रगति प्रतिवेदन र आय-व्यय विवरण पेश नगर्ने संस्थालाई जरिमाना तथा दर्ता खारेजी समेत गर्न सकिनेछ।

**९.यो नियम लागु हुनुभन्दा पहिला अन्य निकायमा दर्ता भएका संस्थाको नविकरण सम्वन्धी व्यवस्था:**

यस नगरपालिकालाई कार्यक्षेत्र बनाई विगतमा अन्य निकायमा दर्ता गरी विभिन्न किसिमका कार्य सञ्चालन गरेका संघसंस्थाहरुले संस्था नवीकरणको लागि सिफारिस माग गर्न आएमा सम्बन्धित निकायमा दर्ता गरेको सक्कल प्रमाण पत्रको आधिकारिक प्रतिलिपि यस कार्यालयमा पेश गरी नवीकरण गरेर मात्र यस नगरपालिकामा क्षेत्रमा कार्यक्रम संचालन पाउनेछन।

**१०) संघसंस्था सुचिकृत सम्बन्धि व्यवस्था:**

१) सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै संस्थाहरुको हरेक आर्थिक वर्ष यस नगरपालिकामा सूचिकृत गर्नुपर्ने छ।

२) उपनियम १ बमोजिम सूचीकृत हुने संस्थाको मान्य अवधि एक आर्थिक वर्षको हुनेछ।

३) उपनियम १ र २ बमोजिम संस्था सूचीकृत गर्दा नियम अनुसार दस्तुर लाग्नेछ।

**११)संस्थाको नियमन तथा अनुगमन:**

नगर क्षेत्रलाई कार्यक्षेत्र बनाई यस नियमावली अनुसार दर्ता भई स्वीकृति लिई काम गर्ने संघसंस्थाहरुलाई कुनै काम पनि समयमा कार्यालयले नियमन अनुगमन गर्न सक्नेछ। ती संस्थाहरुले अनिवार्य रुपमा वार्षिक प्रगति यस नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाबकिताब जाँच गर्न गराउन सक्नेछ।

१२) यस ऐनमा प्रस्ट उल्लेख नभएका वा व्यवस्था नभएका विषयमा व्याख्या गर्ने अधिकार प्रचलित कानून बमोजिम हुने र संशोधन,निर्णय गर्ने अधिकार नगरकार्यपालिकाको हुनेछ ।

१३) **खारेजी तथा बचाउः**

यो ऐन लागू हुनुभन्दा पहिला संघसंस्था दर्ता तथा परिचालन सम्बन्धमा भएका कामहरुको यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

## *अनुसूची-१*

नियम ४ को उपनियम १ सँग सम्बन्धित

निवेदन पत्र को ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुन्दरहरैँचा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ

विषयः संस्था दर्ता गरी पाउँ।

हामीले ................................. सम्बन्धि संस्था दर्ता गर्न चाहेकाले सुन्दरहरैँचा नगरपालिकाको संस्था दर्ता ऐन २०७७ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं प्रस्तावित संस्थाको विधानको दुई प्रति यसै साथ संलग्न गरिएको छ।

**विवरण**

१. संस्थाको नामः .............................................

२. संस्थाको मूख्य उद्देश्यहरुः

क)

ख)

ग)

घ)

ङ)

३. संस्थाको कार्यक्षेत्रः

४. कार्यसमिति तथा प्रवन्ध समितिका सदस्यहरूको विवरणः

नाम

ठेगाना

पेशा

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

सम्पर्क नम्बर

५. आर्थिक श्रोत/बजेटः

६. संस्थाको कार्यालयको ठेगानाः

७. सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बरः

**निवेदक**

दस्तखतः

नामः

पदः

सम्पर्क नं.

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

*अनुसूची-३*

नियम ४ को उपनियम ३ सँग सम्बन्धित

**दर्ता किताब**

सुन्दरहरैँचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय

बिराटचोक मोरंग

श्री……………………………लाई सुन्दरहरैँचा नगरपालिकाको संस्था दर्ता ऐन २०७७ को दफा ४ को ३ बमोजिम ………….. साल …………….महिना …….. गते दर्ता गरिएको छ।

१. संस्थाको नामः…………………………………..
२. संस्थाको दर्ता नम्बरः………………………………
३. संस्थाको ठेगानाः सुन्दरहरैँचा नगरपालिका वडा नं……., ………………………………………टोल
४. संस्थाको मुख्य उद्देश्यहरुः
   क)
   ख)
   ग)
   घ)
   ङ)
५. संस्थाको आर्थिक स्रोतः…………………………………………………
६. सदस्य संख्याः…………….महिला,…………………..पूरुष= जम्माः…………………………
७. अध्यक्षको नामः ………………………………… सम्पर्क नम्बरः………………………………..

| ……………… | ……………… | ……………… |
|---|---|---|
| अभिलेख तयार गर्ने | रुजू गर्ने | स्वीकृत गर्ने |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

*अनुसूची-४*

नियम ४ उपनियम ३ सँग सम्बन्धित

सुन्दरहरैँचा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

विराटचोक, मोरङ

## संस्था दर्ता प्रमाणपत्र

मितिः

संस्था दर्ता प्रमाणपत्र नम्बरः

च. नं.

श्री अध्यक्ष ज्यू

...................................

सुन्दरहरैँचा, मोरङ

मिति २०..... साल .............महिना..............गतेको निर्णय अनुसार श्री ........................नामक संस्था दर्ता ऐन २०७७ को दफा ४ को ३ बमोजिम आज मिति ...............साल ................महिना............ गते दर्ता गरि यो प्रमाणपत्र दिएको छ।

स्थानीय अधिकारी

सहीः

नामथरः

दर्जाः

कार्यालयःसुन्दरहरैँचा नगरपालिका

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

## नविकरण

| सि.नं. | मिति | नविकरण बहाल रहने मिति अवधि | दस्तुर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

***अनुसूची-५***

नियम ५ को उपनियम ८ संग सम्बन्धित

सुन्दरहरैँचा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

विराटचोक, मोरङ

निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

सुन्दरहरैँचा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

विराटचोक,मोरङ

विषयः सूचीकृत सम्वन्धमा।

मिति २०...... मा प्रदेश नम्बर १, जिल्ला प्रशासन कार्यालयमा दर्ता भई सम्बन्धी काम गर्ने उद्देश्यले स्थापना गरिएको.........................संस्थाले सुन्दरहरैँचा नगरपालिकाको नगर क्षेत्रमा समेत आफ्नो कार्यक्षेत्र बनाई काम गर्न चाहेकाले संस्था दर्ता ऐन २०७७ बमोजिम संस्था सूचीकृतका लागि देहायको विवरण खोली निवेदन गरेका छौं। संस्थाको विधानको एकप्रति यसैसाथ संलग्न गरिएको छ।

**विवरण**

१. संस्थाको नामः.............................................................................

२. संस्था दर्ता नम्बर र मितिः ............................................................

३. समाजकल्याण परिषदमा आवद्धताः....................................................

४. संस्थाको उद्देश्यहरुः

क)

ख)

ग)

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

घ)

ङ)

५. संस्थाको
कार्यक्षेत्रः...............................................................

६. संस्था कार्य प्रगति
विवरणः.......................................................…

७. कार्य समितिका सदस्यहरूको बिवरणः
नाम
ठेगाना
पेशा
सम्पर्क नम्बर

८. आर्थिक श्रोत/बजेटः

९. संस्थाको कार्यालयको ठेगानाः

१०. सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बरः

निवेदन
निवेदक

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

अनुसूची-६
नियम ५ उपन्य ८ संग सम्बन्धित
सुन्दरहरैँचा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ

**संस्थाको सुचिकृत सम्बन्धी प्रमाणपत्र**

मिति २०...... साल............महिना.........गते..............मा दर्ता भएको ......................संस्थालाई सुन्दरहरैँचा नगरपालिका क्षेत्रमा काम गर्ने, सहकार्य गर्ने प्रयोजनको लागि संस्था दर्ता ऐन २०७७ बमोजिम २० साल ................ महिना........ गते सूचीकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

स्थानीय अधिकारी

सही
नामथरः
दर्जाः
कार्यालयः सुन्दरहरैँचा नगरपालिका
मितिः

सुन्दरहरैँचा नगरपालिका राजपत्र

***अनुसूची-७***

नियम ६ को उपनियम २ सँग सम्बन्धित

निवेदन पत्र को ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुन्दरहरैँचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ

विषय कार्यक्षेत्र स्वीकृत माग सम्बन्धमा।

मिति २०........ मा जिल्ला प्रशासन कार्यालय मोरङमा दर्ता भई ............................................... सम्बन्धी काम गर्ने उद्देश्यले स्थापना गरिएको संस्थाले सुन्दरहरैँचा नगरपालिकाको नगर क्षेत्रमा समेत आफ्नो कार्यक्षेत्र बनाई काम गर्न चाहेकाले संस्था दर्ता ऐन २०७७ बमोजिम संस्थाको कार्यक्षेत्र स्वीकृतिका लागि देहायका विवरण खोली निवेदन गरेका छौं प्रस्तावित संस्थाको विधानको एकप्रति यसैसाथ संलग्न गरिएको छ।

<u>विवरण</u>

१. संस्थाको
   नामः..................................................................................
२. संस्था दर्ता नम्बर र मितिः
   ...................................................................
३. समाजकल्याण परिषदमा
   आवद्धताः............................................................
४. संस्थाको उद्देश्यहरुः
   च)
   छ)

ज)

झ)

ञ)

५. संस्थाको
कार्यक्षेत्रः...........................................................................

६. संस्था कार्य प्रगति
विवरणः.......................................................................

७. कार्य समितिका सदस्यहरूको बिवरणः
नाम
ठेगाना
पेशा
सम्पर्क नम्बर

८. आर्थिक श्रोत/बजेटः

९. संस्थाको कार्यालयको ठेगानाः

१०. सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बरः

निवेदन
निवेदक

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

*अनुसूची- ८*

नियम ६ को उप २ बमोजिम

सुन्दरहरैँचा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विराटचोक मोरङ

संस्थाको कार्यक्षेत्र स्वीकृत सम्बन्धी प्रमाणपत्र

मिति २०......... सालमा ................................... मा दर्ता भएको श्री ..................................................... संस्थालाई सुन्दरहरैँचा नगरपालिका क्षेत्रमा ......................................................सम्बन्धि काम गर्ने प्रयोजनका लागि संस्था दर्ता ऐन २०७७ बमोजिम २०....... साल .........महिना ....... गतेमा कार्यक्षेत्र स्वीकृति प्रमाण पत्र प्रदान गरिएको छ।

स्थानीय अधिकारी

सहीः

नामथरः

दर्जाः

कार्यालयः सुन्दरहरैँचा नगरपालिका

मितिः

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

***अनुसूची- ९***

नियम ६ को उपनियम ३ सँग सम्बन्धित

निवेदन पत्र को ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुन्दरहरैँचा नगरपालिकाको कार्यालय
विराटचोक, मोरङ

विषयःकार्यक्षेत्र स्वीकृत माग सम्वन्धमा।

मिति २०...सालमा नेपाल सरकारसँग स्वीकृती लिई.....................सम्बन्धी काम गर्ने उद्देश्यले सञ्चालित ........................................अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सुन्दरहरैँचा नगरपालिकाको नगर क्षेत्रमा समेत आफ्नो कार्यक्षेत्र बनाई काम गर्न चाहेकाले संस्था दर्ता ऐन २०७७ बमोजिम संस्थाको कार्यक्षेत्र स्वीकृतिका लागि देहायका विवरण खोली निवेदन गरेका छौं । नेपाल सरकारसँग सम्झौता स्वीकृतिपत्र लगायतका आवश्यक कागजातहरु यसैसाथ पेश गरेका छौं।

विवरण

१. संस्थाको नामः.............................................................................
२. संस्था दर्ता नम्बर र मितिः ...................................................................
३. समाजकल्याण परिषदमा आवद्धताः..................................................
४. संस्थाको उद्देश्यहरुः
    ट)
    ठ)
    ड)
    ढ)
    ण)

५. संस्थाको
   कार्यक्षेत्रः...........................................................

६. संस्था कार्य प्रगति
   विवरणः...................................................…

७. कार्य समितिका सदस्यहरूको बिवरणः
   नाम
   ठेगाना
   पेशा
   सम्पर्क नम्बर

८. आर्थिक श्रोत/बजेट प्राप्त हुने
   राष्ट्रः...............................................….

९. संस्थाको कार्यालयको
   ठेगानाः...................................................…

१०. सम्पर्क व्यक्तिको नाम र सम्पर्क
   नम्बरः............................................

निवेदन
निवेदक

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

*अनुसूची- १०*

नियम ६ को उपनियम ३ सँग सम्बन्धित

सुन्दरहरैँचा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विराटचोक मोरङ

**अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्षेत्र स्वीकृत सम्बन्धी प्रमाण पत्र**

मिति २०....सालमा नेपाल सरकारसँग सम्झौता स्वीकृति लिई सञ्चालित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था श्री ..............................................लाई सुन्दरहरैँचा नगरपालिका क्षेत्रमा............................................ सम्बन्धि काम गर्ने प्रयोजनका लागि संस्था दर्ता ऐन २०७७ बमोजिम ............... साल ................महिना .......... गतेमा कार्यक्षेत्र स्वीकृत प्रमाणपत्र प्रदान गरिएको छ ।

स्थानीय अधिकारी

सहीः

नामथरः

दर्जाः

कार्यालयः सुन्दरहरैँचा नगरपालिका

मितिः

आज्ञाले

गोपाल प्रसाद रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

सुन्दरहरैँचा नगरपालिका राजपत्र